सूचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिम विजयनगर गाउँपालिकाको सूचना अद्यावधिक र प्रकाशन सम्बन्धि २०८० असार मसान्त सम्मको विवरण

१ निकायको स्वरुप र प्रकृति

- ✓ स्वरुपः- गाउँपालिका
- ✓ प्रकृतिः- स्थानीय सरकार

२. निकायको काम, कर्तव्य र अधिकार

- ✓ स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ बमोजिम

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

- ✓ यस गाउँपालिकामा जम्मा १३९ जना कर्मचारी रहेका छन र शाखा तथा पद अनुसार आ-आफ्नो काम रहेको छ।

४. निकायबाट प्रदान गरिने सेवा

- ✓ स्थानीय सरकारबाट प्रदान गरिने सम्पुर्ण सेवाहरु

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.स | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | १ देखि ७ वडा कार्यालयहरु | वडा अध्यक्ष |
| २ | अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष | अध्यक्ष/उपाध्यक्ष |
| ३ | प्रमुख प्रशासकीय अधिकृतकक्ष | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | आर्थिक प्रशासन शाखा | शाखा प्रमुख |
| ५ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | शाखा प्रमुख |
| ६ | खानेपानी तथा स्वच्छता शाखा | शाखा प्रमुख |
| ७ | सामाजिक सुरक्षा तथा पञ्चिकरण शाखा | शाखा प्रमुख |
| ८ | सूचना प्रविधि शाखा | शाखा प्रमुख |
| ९ | कृषि विकास शाखा | शाखा प्रमुख |
| १० | योजना शाखा | शाखा प्रमुख |
| ११ | राजस्व शाखा | शाखा प्रमुख |
| १२ | भण्डार शाखा | शाखा प्रमुख |
| १३ | भौतिक पूर्वाधार शाखा | शाखा प्रमुख |
| १४ | आन्तरिक प्रशासन शाखा | शाखा प्रमुख |
| १५ | शिक्षा, युवा तथा खेलकुद शाखा | शाखा प्रमुख |

विजयनगर गाउँपालिका कार्यालय

| | | |
|---|---|---|
| १६ | पशु सेवा शाखा | शाखा प्रमुख |
| १७ | रोजगार सेवा केन्द्र | शाखा प्रमुख |
| १८ | लघु उद्यम विकास शाख | शाखा प्रमुख |
| १९ | स्वास्थ्य शाखा | शाखा प्रमुख |
| २० | आयुर्वेद औषधालय | शाखा प्रमुख |
| २१ | लगत संकलन ईकाई | शाखा प्रमुख |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

- ✓ विजयनगर गाउँपालिकाको आर्थिक ऐन बमोजिम दस्तुर लाग्ने, सोहि दिन वा कामको प्रकृति हेरि अवधि तय गरिने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- ✓ निर्णय गर्ने प्रक्रिया:-कार्यपालिका,गाउँसभा,विषयगत समिति
- ✓ अधिकारी:- कार्यपालिका सदस्य,गाउँसभा सदस्य,विषयगत समितिका सदस्यहरु

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- ✓ गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष,प्रमुख प्रशासकिय अधिकृत

## ९. सम्पादन गरेको कामको विवरण

### सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ

हाल सम्म २२०४ घटना दर्ता गरिएको छ भने ७८०४ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। साथै **छोरी बचाउँ छोरी पढाऔ कार्यक्रम** अन्तर्गत जम्मा ७३ जना छोरीहरुको खातामा गाउँपालिकाले रु १५ हजारका दरले रकम जम्मा गरिदिएको छ । यसबाट लैङ्गिक अनुपात सन्तुलन गर्न र विभेदपुर्ण लिङ्ग छनौट कार्यलाई अन्त्य गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । आर्थिक रुपले अति विपन्न ९० जना व्यक्तिलाई औषधि उपचार तथा खाद्यन्न सहयोग तथा ७५ जनालाई जस्तापाता सहित आवास सहयोग गरिएको छ । ९३ जनालाई हेन्डपाइप वितरण गरी पिउने पानीको सुनिश्चित गरिएको छ ।

### सुशासन तथा संस्थागत सेवा प्रवाह तर्फ

गाउँपालिका, वडा कार्यालय, स्वस्थ्य संस्था तथा अन्य विषयगत क्षेत्रबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति अभाव हुन नदिन यस आ.व. सेवा करार तर्फ २९ जना कर्मचारी व्यवस्थापन गरिएको छ । राजश्व संकलन प्रक्रियालाई अनलाईन प्रणाली मार्फत गरिएको छ । गाउँपालिकाको सूचना तथा जानकारीहरु गाउँपालिकाको ग्रुप एस.एम.एस.,ईमेल,फेसबुक पेज,वेवसाइट,रेडियो मार्फत सूचना सम्प्रेषण गर्ने गरिएको छ । सूचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम यस गाउँपालिकामा माग गरिएका सूचनाहरु समयमा उपलब्ध गराईएको छ । विजयनगर गाउँपालिकामा भित्र भू-उपयोग योजना निर्माण गरी लामो समय सम्म रोकिएको कित्ताकाट फुकुवा गर्न सिफारिस गरिएको छ ।

लाल पौडेल

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तर्फ आर्थिक वर्ष २०७९।०८० को जेठ मसान्त सम्म कुल बजेटको ७१.१३ प्रतिशत खर्च भएको छ। यसबाट अपाङ्गता भएको व्यक्तिहरुलाई हुइल चेयर,सेतो छडी,बैशाखी आदि जस्ता सामाग्री वितरण गरिएको छ। पाँच वटा बाल क्लब सुचिकृत गरिएको छ। लैङ्गिक हिंसा न्यूनिकरणका लागि समविकास तालिम ३५ जोडीलाई प्रदान गरिएको छ। विजयनगर गाउँपालिकालाई वि.स.२०८४ साल बैशाख सम्ममा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि प्रतिवद्वता गरिएको

## रोजगार सेवाकेन्द्र तर्फ

१. यस आ.व. मा रोजगार सेवा केन्द्र मार्फत हाल सम्म ६६ जनाले रोजगारी प्राप्त गर्नु भएकोछ। भने बैदेशिक रोजगारीका लागि श्रम स्विकृतका लागि अनलाईन मार्फत ३ जनालाई सेवा प्रदान गरिएको छ।

## पशु सेवा तर्फ

यस आ.व. मा पशु सेवा शाखाबाट १२२० वटा पशु,पन्छिको को उपचार गरिएको छ ।साथै पशु,पंछी तथा मत्स्य फार्म गरी २९ वटा फार्महरु दर्ता भएको छ ।

## कृषि विकास तर्फ

यस आ.व. मा कृषि विकास तर्फ तरकारीको विउ (हाईव्रिढ ) ७५० जनालाई,च्याउको विउ १६५० जना,चार्जर स्प्रेयर ७० जना, पम्पसेट १७ जना,विद्युतीय मोटर २० जना, मकैको विउ ७०० जना,कर्न सेलर ६ जना,जेब प्लाण्टर ६१ जना, विषादी १०४० जना,भिटामिन ३३० जना, ढैचा विउ २०० जना,गँहु पकेट कार्यक्रम ४५ जना, खाद्यान्न वालीको उन्नत विउ उपयोग अनुदान ८०० जनालाई वितरण गरिएको छ।

## स्वास्थ्य तथा आयुर्वेद तर्फ

गाउँपालिकाबाट विनियोजित स्वास्थ्य तर्फको बजेटमा कुल ७९.८९ प्रतिशत खर्च भएको छ भने आयुर्वेद तर्फ कुल ८५..५८ प्रतिशत खर्च भएको छ। यसमा आयुर्वेद सेवा तर्फ कुल ७००० जनसंख्याले लाभ लिएका छन् भने स्वास्थ्य सेवा तर्फ ७४३६ जनाले सुविधा सेवा प्राप्त गरेका छन्।

## न्यायीक समिति तर्फ

गत वर्षबाट जिम्मेवारी सरी आएका ७ थान र यो वर्ष दर्ता हुन आएका ६० गरी कूल ६७ थान उजुरीहरु मध्ये ३४ थान उजुरीहरुको मिलापत्र मार्फत् निरुपण गरिएको छ भने ३३ थान उजुरी प्रकृयामा रहेका छन्।

## शिक्षा युवा तथा खेलकुद तर्फ

शिक्षा क्षेत्रको कुल बजेटबाट हाल सम्म ४६.६५ प्रतिशत रकम खर्च भएको छ। यसबाट एम.वि.वि.एस. तथा अन्य उच्च शिक्षा प्राप्त गर्ने ४ जनाले अनुदान पाएका छन्। स्थानीय पाठ्यक्रम तयार भएको छ। विद्यालयहरु मर्मत सम्भार गरिएका छन्। ४ कोठे र २ कोठे भवन निर्माण भएका छन्। बालमैत्री विद्यालय बनाउन ३५ वटा विद्यालयलाई कार्पेटयुक्त बनाईएको छ। विद्यालयमा पहुँच बढाउन र छोड्ने दर घटाउन साइकिल तथा शैक्षिक सामाग्री वितरण गरीएको छ।

हिमलाल पौडेल
अधिकृत छैठौं

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुढहरीया, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

एकनारायण रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## भौतिक पुर्वाधार तथा योजना तर्फ

असार अन्तिम सम्म उपभोक्ता समिति मार्फत ४३ वटा सडक सम्बान्धि योजना सम्पन्न भएका छन्।

भवन तर्फ ३३ योजना सम्पन्न भएका छन्। धर्म संस्कृति तथा पर्यटन, खानेपानी र अन्य विविध योजना गरी १० वटा योजना सम्पन्न भएका छन् भने सुरक्षित नागरिक आवास तर्फ २४६ जनाले जस्तापातायुक्त छाना लगाएका छन्।

## वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

विजयनगर गाउँपालिका क्षेत्र भित्र रहेका नदिहरुबाट व्यवस्थित रुपले नदि जन्य पदार्थ उत्खन्न,सकंलन तथा व्यवस्थापन गर्न वातावरणिय परिक्षण प्रतिवेदन तयार गरि ठेक्का व्यवस्थापन गरिएको छ। आगलागिबाट पिडित ४० परिवारलाई राहत स्वरुप खाद्यन्न र जस्तापाता वितरण गरिएको छ। विपद प्रतिकार्य सामाग्रीहरु कार्यालयमा भण्डार गरि राखिएको छ। आगलागीका कारण विपदमा परेका २७ जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरिएको छ।

## नव प्रवर्धन साझेदारी कोष तर्फ

लुम्बिनी प्रदेश र विजयनगर गाउँपालिकाको साझेदारीमा संचालित नव प्रवर्धन साझेदारी कोष कार्यक्रमबाट हाल सम्म माछापालन,कुखुरापालन,तरकारी खेति प्रवर्धन,खानाको परिकार बनाउने तालिमबाट ३०० जनाले सीप सिकेका छन् भने कुखुराको चल्ला दाना प्रविधि वितरण,तरकारीको विउ मल वितरणबाट करिव ५०० घरधुरीले स्वःरोजगारी मार्फत आयआर्जनमा सुधार गरी गरिवि निवारणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १०. सूचाना अधिकारी र प्रमुखको नाम र पद

- ✓ सूचना अधिकारीको नामः- हिमलाल पौडेल, पदः- अधिकृतस्तर छैठौ
- ✓ प्रमुखको नामः- शोभाराम रिजाल, पदः- प्रमुख प्रशासकीय अधिकृत

## ११. ऐन, नियम, विनियम, वा निर्देशिकाको सूची

| |
|---|
| विजयनगर गाउँपालिकाको शिक्षा ऐन २०७६को पहिलो संशोधन ऐन २०७९ |
| विजयनगर गाउँपालिका विनियोजन ऐन २०७९ |
| विजयनगर गाउँपालिका आर्थिक ऐन २०७९ |
| विजयनगर गाउँपालिकाको स्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७९ |
| विजयनगर गाउँपालिकाको स्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०८० |
| विजयनगर गाउँपालिकाको कर्मचारी व्यवस्थापन ऐन २०७८ को पहिलो संसोधन ऐन २०७९ |
| विजयनगर गाउँपालिकाको कृषि ऐन २०७८ |
| विजयनगर गाउँपालिकाको वन ऐन २०७८ |
| विजयनगर गाउँपालिकाको भूमि ऐन २०७८ |
| विजयनगर गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता ऐन २०७८ |
| विजयनगर गाउँपालिका स्वास्थ्य ऐन २०७८ |
| सहकारी ऐन २०७८ |
| स्थानीय तह कर्मचारी व्यवस्थापन ऐन २०७८ |

हिमलाल पौडेल

| |
|---|
| आर्थिक ऐन २०७८ |
| विनियोजन ऐन २०७८ |
| आर्थिक ऐन २०७७ |
| विनियोजन ऐन २०७७ |
| विजयनगर गाउँपालिका प्रशासकीय कार्यविधि ऐन २०७४ |
| शैक्षिक सहायता सम्बन्धी कार्यविधि 2078 |
| कृषक समूह गठन तथा परिचालन कार्यविधि २०७८ |
| विजयनगर गाउँपालिका स्तरीय कृषि समूह सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०७८ |
| राजस्व परामर्श समिति कार्य संचालन कार्यविधि २०७८ |
| विजयनगर गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्य संचालन कार्यविधि २०७८ |
| अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७८ |
| टोल विकास संस्था ( गठन तथा संचालन ) कार्यविधि २०७८ |
| सूचना तथा अभिलेख केन्द्र स्थापना तथा संचालन कार्यविधि २०७८ |
| सार्वजनिक जवाफदेहिता प्रवर्ध्दन सम्बन्धि कार्यविधि २०७८ |
| व्यवसाय कर सम्बन्धि कार्यविधि २०७८ |
| विजयनगर गाउँपालिका कर्मचारीहरु प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०७७ |
| विजयनगर गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७७ |
| विपद व्यवस्थापन कोष संचलन तथा व्यवस्थापन कार्यविधि २०७६ |
| विजयनगर स्थानीय विकास कोष (स्थापना संचालन) कार्यविधि संचालन कार्यविधि २०७६ |
| समपुरक कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ |
| खानेपानी सरसफाई तथा वातावरण वातावरण व्यवस्थापन कार्यविधि २०७६ |
| एम्बुलेन्स सेवा ( व्यवस्थापन तथा संचालन ) कार्यविधि |
| आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६ |
| विजयनगर गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ |
| गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ |
| जेष्ठ नागरिक सञ्जाल गठन कार्यवधि-२०७९ |
| अपाङ्गता संजाल संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९ |
| विजयनगर गाउँपालिकाको छात्रवृत्ति सम्बन्धि कार्यविधि-२०७९ |
| विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि-२०७९ |
| विजयनगर गाउँपालिकाको सर्वजनिक खरिद नियमावली २०७८ |
| विजयनगर गाउँपालिकाको कर्मचारी कल्याणकारी कोष नियमावली २०७६ |
| गाउँ सभा कार्य सञ्चालन नियमावली २०७४ |
| गाउँ कार्यपालिका ( कार्य विभाजन ) नियमावली |
| शिक्षा नियमावली २०७४ |

| |
|---|
| विजयनगर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीति २०७८ |
| विजयनगर गाउँपालिकाको वातावरण व्यवस्थापन नीति २०७९ |
| विजयनगर गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीति २०७९ |
| विजयनगर गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०७९ |
| विजयनगर गाउँपालिका कृषि विकास नीति तथा कार्यक्रम |
| छोरी पढाऔँ अभियान सञ्चालन निर्देशिका २०७८ |
| कृषि प्रसार निर्देशिका २०७८ |
| कार्य संचालन निर्देशिका २०७७ |
| संघ संस्था दर्ता तथा नवीकरण निर्देशिका २०७७ |
| मर्मत संभार र कोष संचालन निर्देशिका २०७६ |
| गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७४ |
| विजयनगर गाउँपालिका दिगो विकास लक्ष्य स्थानीयकरण कार्यविधि तथा सूचकहरु |
| गाउँपालिका खर्च सम्बन्धि मापदण्ड २०७८ |
| विजयगनर गाउँपालिकाको सार्वजनिक खर्च सम्बन्धी मापदण्ड २०७७ |
| कोरोना भाइरस संकमण रोकथाम नियन्त्रण तथा स्थानीय प्रकोप व्यवस्थापन कोष स्थापना र यसको सञ्चालन सम्बन्धी मापदण्ड २०७६ |
| विजयनगर गाउँपालिकाको सेवा प्रवाह मापदण्ड २०७९ |
| न्यायिक समितिले उजुरीको किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक |
| विजयनगर गाउँपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४ |
| विजयनगर गाउँपालिकाको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ |
| विजयनगर गाउँपालिकाको विपद जोखिम न्यूनिकरण स्थानीय रणनीति कार्ययोजना २०७९-०८७ |
| विजयनगर गाउँपालिकाको स्थानीय मनसुन पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ |
| विजयनगर गाउँपालिकाको विपद संवेदनशिल सामाजिक सुरक्षा योजना २०७९ |
| विजयनगर गाउँपालिकाको विपद तथा जलवायू उत्थानशील योजना २०७९ |
| विजयनगर गाउँपालिका क्षमता विकास योजना २०७९ |
| स्थानीय विपद तथा जलबायु उत्थानशील योजना |
| वाल विवाह अन्त्यका लागि रणनीति तथा कार्ययोजना (२०७९-८०।२०८४-८५) |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता-२०७९ |
| विजयनगर गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण प्रवाहीकरण रणनीति, २०७९ |

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरहुरीया, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

हिमलाल पौडेल
अधिकृत छैठौं

शोभराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## १२. आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण

- **आय तर्फ:**

  ➢ रु. ६६,४५,६५,०००।– (छैसठ्ठी करोड पैतालिस लाख पैसठ्ठी हजार) अनुमान गरिएकोमा गत वर्षको मौज्दात रु. ३,०४,२५,७९३.९६।– (तिन करोड चार लाख पच्चिस हजार सात सय त्रियानव्वे रुपैया छियानब्बे पैसा मात्र) र यस वर्षको हालसम्मको आम्दानी रु. ५४,१६,३०,९००.०९।– (सन्तावन्न करोड बीस लाख छप्पन्न हजार छ सय चौरानव्वे रुपैया पाँच पैसा मात्र) गरी कूल रु. ५७,२०,५६,६९४.०५।– (सन्तावन्न करोड बीस लाख छप्पन्न हजार छ सय चौरानव्वे रुपैया पाँच पैसा मात्र) आम्दानी भएको छ, जुन कूल अनुमानित आयको ८४.९२ प्रतिशत हो।

- **खर्च तर्फ:**

  ➢ चालुतर्फ रु. ३०,८६,७५,७२९.१३।– (तिस करोड छियासि लाख पचहत्तर हजार सात सय उनतिस रुपैया तेह्र पैसा मात्र- ९१.२४%) र पूँजीगत तर्फ रु. २६,६८,७२,३६८.४०।– (छब्बिस करोड अठसठ्ठि लाख बहत्तर हजार तिन सय अठसठ्ठि रुपैया चालिस पैसा मात्र-७७.२९%) गरी जम्मा रु. ५७,५५,४८,०९७.५३।– ( सनतावन्न करोड पचपन्न लाख अठचालिस हजार सन्तानब्बे रुपैया मात्र त्रिपन्न पैसा) खर्च भएको छ जुन कूल अनुमानित खर्चको ८४.१९ प्रतिशत हो।

हिमलाल पौडेल
अधिकृत छैठौं

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरुहरीया, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत